नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरीकको मौलिक हकको रुपमा स्थापित गरेको छ । देश संघीय शासन प्रणालीमा गई सकेकोले संघीय संरचनाको वस्तुगत धरातलमा आधारित रही गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरीकको सर्वसुलभ पहुँचमा पुर्याउनु राज्यको दायित्व हो । साविकमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग मातहत रहने गरी जिल्लाको समग्र स्वास्थ्य सेवाको नेतृत्व निकायको रुपमा रहेको जिल्ला जनस्वास्थ्य कार्यालय, भोजपुर राज्यको पुनः संरचनामा (संघीय संरचना अनुसार) तीन तहको सरकार (संघ, प्रदेश र स्थानीय तह) को व्यवस्था हुँदा १ नं. प्रदेश सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय मातहत रहने गरी मिति २०७५।११।०६ गते स्वास्थ्य कार्यालय भोजपुरको रुपमा सञ्चालनमा आई जिल्लामा तोकिए बमोजिम स्वास्थ्य क्षेत्रको कार्य सञ्चालन तथा नेतृत्व गर्दै आई रहेको छ । हाल कोशी प्रदेश सरकार अन्तरगत स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय मातहत रहेको छ । स्वास्थ्य कार्यालयलेनेपालको संविधान २०७२ बमोजिम आधारभूत स्वास्थ्य क्षेत्रको पहुँच वृद्धि गरी न्यासँगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि गरिने क्रियाकलापहरु संचालन, व्यवस्थापन, समन्वय, योजना तर्जुमा, अनुगमन गर्ने निकायको रुपमा रहेको प्रदेश मातहतको निकाय हो ।

स्वास्थ्य प्रणालीलाई सुदृढ गर्न संघीय संरचनाको ढाँचा अनुसार हाल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केन्द्रमा, प्रदेश सरकार मातहत रहेको स्वास्थ्य मन्त्रालयले प्रदेश स्तरमा र स्वास्थ्य शाखाले स्थानीय तहमा स्वास्थ्य सम्वन्धि कार्यको भूमिका निर्वाह गरीरहेको छ I स्वास्थ्य मन्त्रालय अन्तर्गत रहेको स्वास्थ्य निर्देशनालय मातहतमा स्वास्थ्य कार्यालयले स्थानीय संस्थाहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सहजीकरण गरीरहेको छ I कोशी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालय मातहतमा प्रदेशभर १४ वटा जिल्लामा रहेका जिल्लास्तरीय कार्यालयहरुमध्ये एक यस कार्यालयको कार्यक्षेत्र रहेको भोजपुर जिल्लामा ९ वटा स्थानीय तहमा ९ वटा स्वास्थ्य शाखाहरुले स्थानीय स्तरमा स्वास्थ्य सेवा प्रदान गरीरहेका छन् । ति ९ वटा स्थानीय तहहरुमाषडानन्द नगरपालिका,साल्पासिलिछो गाउँपालिका,टेम्केमैयुङ गाउँपालिका,भोजपुर नगरपालिका,अरुण गाँउपालिका,पौवादुङमा गाउँपालिका,रामप्रसादराई गाउँपालिका,हतुवागढी गाउँपालिका र आमचोक गाउँपालिका पर्दछन् ।

## स्वास्थ्य कार्यालयका काम, कर्तव्य र अधिकार

- जिल्लामा स्थानीय तहहरु मार्फत आधारभुत स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्ने ।
- स्वास्थ्य सस्थाहरुको अनुगमन सुपरीवेक्षण तथा मुल्याङ्कन गर्ने र आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्ने ।
- जिल्लामा रहेका स्वास्थ्य संस्थाहरूका लागि जनशक्तिको आवश्यकता निर्धारण गर्ने ।
- जिल्लामा विभिन्न स्वास्थ्य संस्थानहरूमा औषधी, उपकरण र अन्य सामग्री आपूर्ति सुनिश्चित गर्ने ।
- जिल्लामा स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीता कार्यान्वयन सुनिश्चित गर्ने ।
- विभिन्न तहमा जिल्लामा प्राकृतिक प्रकोप र महामारी उत्पन्न हुने समस्या तत्काल समाधान, अनुसन्धान र व्यवस्थापन गर्ने ।
- जिल्लामा स्वास्थ्य सेवा प्रभावकारी बनाउनका लागि अन्य संस्थाहरुसँग साझेदार र समन्वय सुदृढ गर्ने ।
- स्वास्थ्य सेवासँग सम्बन्धित सम्पुर्ण तथ्यलाई व्यवस्थित गर्ने र आवश्यकता अनुसार प्रकाशित गर्ने ।
- जिल्लामा स्वास्थ्य सेवा संचालनका लागि समस्याहरुको पहिचान गर्ने र समाधानका उपायहरु खोज गर्ने ।
- जिल्लामा सबै पालिका तथा स्वास्थ्य संस्थामा सुपरीवेक्षण / निगरानी ।